# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, फागुन १९ गते, २०७८ साल (संख्या ४६

# भाग ३

## नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

## सूचना

**राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८**

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. <u>राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ मा संशोधन</u> : राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ग) मा रहेका "मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिव्यूशन सिष्टम (एम.एम.डि.एस.)," भन्ने शव्दहरू पछि "अनलाइन टेलिभिजन, ओभर द टप (ओ.टि.टि.), भिडियो अन डिमान्ड (भि.ओ.डि.)," भन्ने शव्दहरू राखिएका छन्।

(२) खण्ड (ग३) पछि देहायका खण्ड (ग४), (ग५) र (ग६) थपिएका छन्:-

"(ग४), "ओ.टि.टि." भन्नाले उपभोक्ताको माग बमोजिमको कुनै कार्यक्रम डि.टि.एच. केबल वा उपग्रह टेलिभिजनको माध्यम प्रयोग नगरी इन्टरनेट मार्फत गराइने सेवा सम्झनु पर्छ र सो शव्दले इन्टरनेट मार्फत अरू प्लेटफर्म माथिको मिडिया स्ट्रिमिङ सेवा समेतलाई जनाउँछ।

(ग५) "भि.ओ.डि" भन्नाले मन्त्रालयबाट वितरण प्रणालीको इजाजतपत्र लिएको संस्थाले आफ्नै नेटवर्क भित्रका उपभोक्ताको माग बमोजिम टेलिभिजन बाहेकका कार्यक्रम उपलव्ध गराउने सेवा सम्झनु पर्छ।

(ग६) "अनलाइन टेलिभिजन (इन्टरनेट टि.भी.)" भन्नाले इन्टरनेट मार्फत आफैंले उत्पादन गरी नियमित रूपमा श्रव्य दृश्य कार्यक्रम प्रसारण गर्ने कार्य सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नियम ४ को उपनियम (१) को खण्ड (क) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था आफैंले कार्यक्रम उत्पादन गरी आफ्नो वितरण प्रणालीबाट टेलिभिजन च्यानल प्रसारण गर्न अनुसूची-१(क१) बमोजिमको ढाँचामा,"

४. **मूल नियमावलीको नियम ४ मा संशोधनः** मूल नियमावलीको नियम ४ को उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) खण्ड (क) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था आफैंले कार्यक्रम उत्पादन गरी आफ्नो वितरण प्रणालीबाट टेलिभिजन च्यानल प्रसारण गर्न अनुसूची-२(क१) बमोजिमको ढाँचामा,"

५. **मूल नियमावलीमा नियम ५ग. थपः** मूल नियमावलीको नियम ५ख. पछि देहायको नियम ५ग. थपिएको छः-

"५ग. **विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) को लागि स्वीकृति लिनु पर्नेः** (१) कसैले नेपाल भित्रको अनुमति प्राप्त टेलिभिजनबाट कुनै विदेशी कार्यक्रम प्रसारण गर्न वा विदेशी कार्यक्रमको प्रसारण अधिकार लिई नेपालभित्र प्रसारण गर्न चाहेमा मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम स्वीकृति लिनको लागि अनुसूची-५(ख) बमोजिमको दस्तुर सहित अनुसूची-३(ग) बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा प्रसारण गरिने प्रत्येक कार्यक्रमको लागि छुट्टाछुट्टै निवेदन दिनु पर्नेछ।

(४) यो नियम प्रारम्भ हुँदाका बखत कुनै विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार लिई प्रसारण गर्दै आएका व्यक्ति वा सङ्गठित संस्थाले यो नियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र स्वीकृतिको लागि उपनियम (२) बमोजिम निवेदन दिनु पर्नेछ।

(५) उपनियम (२) वा (४) बमोजिम स्वीकृतिको लागि निवेदन पर्न आएमा मन्त्रालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई स्वीकृति दिन उपयुक्त देखिएमा अनुसूची-४(ग) बमोजिमको ढाँचामा विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकारको स्वीकृति दिनेछ।"

६. <u>**मूल नियमावलीको नियम ६ मा संशोधनः**</u> मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ४ को उपनियम (१) को खण्ड (क) वा (ग) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थालाई सिग्नल वितरणको लागि अनुमतिपत्र दिइने छैन।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिब्यूशन सिष्टम (एम.एम.डि.एस.), डिजिटल टेरेसटिरियल टेलिभिजन (डि.टि.टि.भि.), इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन (आई.पि.टि.भि.), डि.टि.एच. वा डिजिटल केबलको माध्यमबाट प्रसारण गर्ने इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले यस नियम बमोजिम सिग्नल वितरणको अनुमतिपत्र लिनु पर्ने छैन।"

७. **मूल नियमावलीमा नियम ७क. थप** : मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः-

"७क. **सर्भर राख्नु पर्ने** : (१) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले नेपाल भित्रबाट कसैलाई सदस्य वा ग्राहक बनाउने भएमा वा नेपालभित्रबाट कुनै किसिमले कुनै शुल्क प्राप्त गर्ने भएमा नेपालभित्रै क्यास सर्भरको व्यवस्था गर्नु पर्नेछ।

(२) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले उपलब्ध गराएका कार्यक्रम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालभित्रबाट उपभोग गर्न चाहने उपभोक्तालाई त्यस्तो संस्था वा व्यक्तिले नेपालभित्रको सर्भरमा रजिष्ट्रेशन गर्न लगाई (युजर बनाई) मात्र प्रसारण गर्ने सामग्रीमा पहुँच दिनु पर्नेछ र हरेक उपभोक्ताको विवरण अद्यावधिक गरी नेपालभित्रकै सर्भरमा राख्नु पर्ने व्यवस्था समेत गर्नु पर्नेछ।

(३) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था र उपभोक्ताबीच भएको हरेक कारोबारको लेखा ग्राहक व्यवस्थापन प्रणाली सर्भरमा सुरक्षित राख्नु पर्नेछ।

(४) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले यस नियम बमोजिमको सर्भर नराखेमा मन्त्रालयले इजाजतपत्र प्रदान गर्ने छैन।"

८. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u> : मूल नियमावलीको नियम ८ को,-

(१) खण्ड (ग५), (ग६) र (छ१) मा रहेका "व्यक्ति वा संस्था" भन्ने शब्दहरूको सट्टा "व्यक्ति वा सङ्गठित संस्था" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (झ) पछि देहायका खण्ड (झ१), (झ२),(झ३),(झ४),(झ५) र (झ६) थपिएका छन्:-

"(झ१) हेडइण्ड शेयरिङ्ग गर्न नमिल्ने,

तर प्राकृतिक तथा मानवीय प्रकोप जस्ता घटनाको कारणले कुनै सेवा प्रदायकले आफ्नो सेवा दिन नसक्ने भएमा सो सम्बन्धमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयलाई जानकारी गराई अधिकतम छ महिनासम्मको लागि अर्को डिजिटल केबलको सिग्नल लिई सेवालाई निरन्तरता दिने प्रयोजनको लागि हेडइण्ड शेयरिङ्ग गर्न सकिनेछ।

(झ२) नियम ४ को उपनियम (१) को खण्ड (क) र खण्ड (ग) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले सि.ए.एस/एस.एम.एस. को प्रत्येक महिनाको विवरण मन्त्रालयलाई गराई सोको वार्षिक रुपमा प्राविधिक लेखापरीक्षण समेत गराउनु पर्ने,

(झ३) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आफ्ना नियमहरू, गोपनीयताको नीति, प्रसारकको कम्प्युटर स्रोतको पहुँच वा प्रयोगको लागि प्रयोगकर्ता सम्झौता प्रकाशन गर्नु पर्ने,

(झ४) ओ.टि.टि.सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले प्रसारण गर्ने कार्यक्रममा कुनै कम्प्युटर स्रोतहरूको कार्यक्षमतालाई अवरोध गर्न, नष्ट गर्न वा सीमित गर्न डिजाइन गरिएको सफ्टवेयर भाइरस वा अन्य कुनै कम्प्युटर कोड, फाइलहरू वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रोग्रामहरू समावेश गर्नु वा गराउन नहुने,

(झ५) इन्टरनेटको माध्यमबाट प्रसारण गर्ने गरी इजाजतपत्र प्राप्त गरेको अनलाइन टेलिभिजनले अन्य वितरण प्रणालीको माध्यमबाट टेलिभिजन कार्यक्रम प्रसारण गर्नु अघि यस नियमावली बमोजिम अनुमति लिनु पर्ने,

(झ६) प्रदेश सरकारबाट इजाजतपत्र प्राप्त टेलिभिजनले राष्ट्रियस्तरका वितरण प्रणाली मार्फत नेपालभित्र कार्यक्रम प्रसारण गर्नको लागि मन्त्रालयबाट अनुमति लिनु पर्ने,

(झ७) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आफ्नो वेबसाइटमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर सहितको विवरण राख्नु पर्ने र गुनासो प्राप्त भएको मितिले तीस दिनभित्र गुनासो सुन्ने अधिकारीले प्राप्त गुनासोको सम्बोधन गर्नु पर्ने,

(झ८) ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले कम्तीमा साठी दिनको अवधिको लागि आफूले प्रसारण गरेका सामग्रीहरूको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिलेख सुरक्षित राख्नु पर्नेछ र अनुसन्धान वा छानबिनको क्रममा मन्त्रालय वा अन्य कुनै सरकारी निकायले त्यस्ता अभिलेख माग गरेमा उपलव्ध गराउनु पर्ने,"

९. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को उपनियम (१) को "स्पष्टीकरण" को सट्टा देहायको "स्पष्टीकरण" राखिएको छः-

"**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि "कुल आम्दानी" भन्नाले अनुमतिपत्र वा इजाजतपत्रसँग सम्बन्धित कार्य गरे वापत प्रसारण संस्थालाई प्राप्त हुने जुनसुकै आय सम्झनु पर्छ।"

१०. **मूल नियमावलीमा नियम १५क. थपः** मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएको छः-

"**१५क. स्थानान्तरण वा स्याटेलाइटसँग सम्बन्धित विवरण संशोधन नगरिनेः** नियम १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ९क. को उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ नगरेसम्म त्यस्तो इजाजतपत्र वा अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाको इजाजतपत्र वा अनुमतिपत्रमा उल्लिखित स्थानान्तरण, क्षमता वा स्याटेलाइटसँग सम्बन्धित विवरणमा संशोधन गरिने छैन।"

११. **मूल नियमावलीको नियम १६ मा संशोधनः** मूल नियमावलीको नियम १६ को उपनियम (३) पछि देहायको उपनियम (३क) र (३ख) थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०७८ साल असार मसान्तसम्म नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो तथा रेडियो नेटवर्क प्रसारण गर्ने व्यक्ति वा सङ्गठित संस्थाले आर्थिक वर्ष २०७८/७९ को नवीकरणको लागि संवत् २०७८ साल पुस मसान्तसम्म निवेदन दिएकोमा मन्त्रालयले त्यस्ता व्यक्ति वा सङ्गठित संस्थाको आर्थिक वर्ष २०७८/७९ को लागि लाग्ने नवीकरण दस्तुर र जरिबानामा पूर्ण छुट दिई नवीकरण गर्न सक्नेछ।

(३ख) उपनियम (३क) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा रित पुगेको नपाइएमा मन्त्रालयले निवेदकलाई यो उपनियम प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र रित पूरा गर्न लगाई तीस दिनभित्र उपनियम (३क) बमोजिम नवीकरण गरिदिनु पर्नेछ।"

१२. **<u>मूल नियमावलीमा नियम १७क. थप</u>**: मूल नियमावलीमा नियम १७ पछि देहायको नियम १७क. थपिएको छः-

"**१७क. <u>प्रसारण हुने कार्यक्रमहरुको वर्गीकरण गर्नु पर्ने</u>**: ओ.टि.टि. सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले हरेक कार्यक्रम प्रसारण गर्नु अघि सो कार्यक्रम उपभोक्ताको उमेर अनुसार देहाय बमोजिमको तीन भागमा वर्गीकरण गर्नु पर्नेछः-

(क) बालबालिका र सबै उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमलाई "U" रेटिङ्ग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दश वर्षदेखि अठार वर्षसम्मको उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमलाई “R” रेटिङ्ग,

(ग) अठार वर्षभन्दा माथिका उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमलाई “A” रेटिङ्ग।"

१३. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको,-

(१) अनुसूची-१(क) पछि अनुसूची-१(क१), अनुसूची-२(क) पछि अनुसूची-२(क१), अनुसूची-३(ख) पछि अनुसूची-३(ग) र अनुसूची-४(ख) पछि अनुसूची-४(ग), थपिएका छन् :-

(२) अनुसूची-५(क) को क्रमसङ्ख्या ३ पछि देहायका क्रमसङ्ख्या ४ र ५ थपिएका छन्:-

“४. आफ्नो वितरण प्रणालीबाट आफैंले टेलिभिजन च्यानल प्रसारण गर्नको लागि - रु.५०००।-

५. विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) को स्वीकृतिको लागि -रु.१०००।-”

(३) अनुसूची-५(ख) को क्रमसङ्ख्या ५ को,-

(क) खण्ड ४ पछि देहायका खण्ड ५ र ६ थपिएका छन्:-

“५. ओ.टि.टि. सञ्चालनको लागि - रु.१,००,००,०००|-

६. भि.ओ.डि. सञ्चालनको लागि - रु.२,००,०००|-“



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) क्रमसङ्ख्या ६ पछि देहायका क्रमसङ्ख्या ६क., ६ख. र ६ग. थपिएका छन्:-

"६क. आफैंले कार्यक्रम उत्पादन गरी आफ्नो वितरण प्रणालीबाट टेलिभिजन च्यानल प्रसारण गर्नको लागि - रु.१०,००,०००।-

६ख. विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) को स्वीकृतिको लागि -रु.१,००,०००।—

६ग. अनलाइन टेलिभिजन (इन्टरनेट टि.भी.) को इजाजतपत्रका लागि रु.५,००,०००।-"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## “अनुसूची-१(क१)

## (नियम ३ को उपनियम (१) को खण्ड (क१) सँग सम्बन्धित)

स्याटलाइट वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रणालीमा आधारित प्रसारण केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न, अन्य व्यक्ति वा सङ्गठित संस्थाले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न वा एनालग प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले आफ्नो वितरण प्रणालीबाट आफैंले टेलिभिजन च्यानल प्रसारण गर्ने इजाजतपत्रको लागि दिइने

निवेदन

श्री ............................

स्याटलाइट वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रणालीमा आधारित प्रसारण केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न, अन्य व्यक्ति वा सङ्गठित संस्थाले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न वा एनालग प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त गरेकोले आफ्नो वितरण प्रणालीबाट आफैंले टेलिभिजन च्यानल प्रसारण गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन पेश गरेको छु/छौं।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. निवेदकको,

(क) नामः-

(ख) स्थायी ठेगानाः-

जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.:

गाउँ/टोल

फोन नं.:

घर नं.:

फ्याक्स नं.:

इमेलः

(ग) अस्थायी ठेगानाः-

जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.:

गाउँ/टोलः

फोन नं.:

घर नं.:

फ्याक्स नं.:

इमेलः

संस्था भएः

संस्थाको नामः

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र जारी मिति तथा सङ्गठित संस्था भए संस्था दर्ता नम्बरः-

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी) :-

(च) अनुभवः-

(छ) प्राविधिक दक्षताः-



मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रसारणको लागि गरिने लगानीः-

(क) प्रस्तावित लगानीः

(ख) लगानीको स्रोतः

३. प्रसारणबाट हुने अपेक्षित आयः-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यमः-

(क) स्याटेलाइटसँग अपलिङ्क गर्नेः

(ख) वितरण गर्ने प्रणालीः

(ग) अन्य तरिकाबाट (मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिव्यूशन सिष्टम, डिजिटल टेरेसटिरियल टेलिभिजन, इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन वा डिजिटल केबल):

५. प्रसारण केन्द्रको विवरणः-

(क) लिङ्क गरिने प्रविधिः

(ख) प्रयोग गर्ने फ्रिक्वेन्सी व्याण्ड/फ्रिक्वेन्सी/एन्टेना सम्बन्धी विवरणः

(ग) प्रसारण वितरण गर्ने सतह माध्यमः

(घ) प्रसारण वितरण गर्ने च्यानल सङ्ख्या/विवरणः

६. प्रसारण केन्द्र स्थापना गरिने ठाउँः-

७. प्रसारण हुने क्षेत्रः-

८. प्रसारण प्रारम्भ हुने मितिः-

९. प्रसारणमा प्रयोग गरिने चिन्ह, सङ्केत वा लोगो (कल साइन) :-

१०. प्रसारणको समय र समयावधिः-

११. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू र आयात गरिने मुलुकको नामः-

१२. प्रसारणमा प्रयोग हुने भाषाः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. प्रसारण गरिने कार्यक्रमहरू:-

१४. अन्य विवरण:-

(क)

(ख)

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक सङ्गठित संस्था भए संस्थाको छाप

निवेदकको

सही:-

नाम:-

मिति:-

निवेदकले निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ:-

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन।

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) निवेदन दस्तुर बुझाएको नगदी रसिद वा त्यस्तो दस्तुर राजस्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर।

(घ) प्रसारण केन्द्र रहने ठाउँको विवरण र प्रसारण संस्थाको प्रसारण पहुँच देखिने नक्सा।

(ङ) मन्त्रालयले समय समयमा तोकिदिएका अन्य कागजात।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२(क१)
## (नियम ४ को उपनियम (१) को खण्ड (क१) सँग सम्बन्धित)

स्याटलाइट वा अन्य सञ्चार माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न, डिजिटल प्रणालीमा आधारित प्रसारण केन्द्र स्थापना गरी सिग्नल वितरण गर्न, अन्य व्यक्ति वा सङ्गठित संस्थाले स्थापना गरेको डिजिटल प्रसारण केन्द्रबाट सिग्नल प्राप्त गरी कार्यक्रम प्रसारण गर्न वा एनालग प्रविधिमा आधारित प्रसारण केन्द्र स्थापना गरी केबुलको माध्यमद्वारा कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थालाई आफ्नो वितरण प्रणालीबाट आफैंले टेलिभिजन च्यानल प्रसारण गर्ने

<u>इजाजतपत्र</u>

इजाजतपत्र नं.

१. इजाजतपत्र पाउने व्यक्ति वा सङ्गठित संस्थाको नामः-

२. ठेगानाः-

| | |
|---|---|
| (क) स्थायी ठेगानाः- | (ख) अस्थायी ठेगानाः- |
| जिल्लाः | जिल्लाः |
| नगरपालिका/गाउँपालिकाः | नगरपालिका/गाउँपालिकाः |
| वडा नं.: | वडा नं.: |
| गाउँ/टोल : | गाउँ/टोल : |
| फोन नं.: | फोन नं.: |
| फ्याक्स नं.: | घर नं.: |
| इमेलः | फ्याक्स नं.: |
| | इमेलः |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. इजाजतपत्र पाउने व्यक्ति भए
नागरिकता नम्बर र जारी मिति तथा सङ्गठित संस्था भए संस्था दर्ता नम्बरः-

४. कार्यक्रम प्रसारण तथा वितरणको माध्यमः-
(क) स्याटेलाइटसँग अपलिङ्क गर्नेः
(ख) वितरण गर्ने प्राणलीः
(ग) अन्य तरिकाबाट (मल्टिच्यानल मल्टिप्वाइन्ट डिष्ट्रिव्यूशन सिष्टम, डिजिटल टेरेसटिरियल टेलिभिजन, इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन वा डिजिटल केबलको):

५. प्रसारण केन्द्रको विवरणः-
(क) लिङ्क गरिने प्रविधिः
(ख) प्रयोग गर्ने फ्रिक्वेन्सी व्याण्ड/फ्रिक्वेन्सी/एन्टेना सम्बन्धी विवरणः
(ग) प्रसारण वितरण गर्ने सतह माध्यमः
(घ) प्रसारण गर्ने च्यानल सङ्ख्या/विवरणः

६. प्रसारणको माध्यमः-
७. प्रसारण केन्द्र स्थापना गरिने ठाउँः-
८. प्रसारण हुने क्षेत्रः-
९. प्रसारण प्रारम्भ हुने मितिः-
१०. प्रसारणमा प्रयोग गरिने चिन्ह, सङ्केत वा लोगो (कल साइन):-
११. प्रसारणको समय र समयावधिः-
१२. प्रसारणमा प्रयोग हुने भाषाः-
१३. प्रसारण गरिने कार्यक्रमहरूः-
१४. इजाजतपत्र बहाल रहने अवधिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. अन्य शर्तहरूः-

(क)

(ख)

कार्यालय छाप

इजाजतपत्र दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

कार्यालयः-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-३ (ग)

**(नियम ५ग. को उपनियम (२) सँग सम्बन्धित)**

विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) को स्वीकृतिको लागि दिइने

<u>निवेदन</u>

श्री ............................

विदेशी कार्यक्रम प्रसारण गर्न/विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) लिई नेपालभित्रको अनुमति प्राप्त टेलिभिजनबाट प्रसारण गर्न स्वीकृतिको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं।

१. निवेदकको,

(क) नामः-

(ख) स्थायी ठेगानाः-

जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.ः

गाउँ/टोल :

फोन नं.ः

घर नं.ः

फ्याक्स नं.ः

इमेलः

संस्था भएः

संस्थाको नामः

(ग) अस्थायी ठेगानाः-

जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वडा नं.ः

गाउँ/टोल

फोन नं.ः

घर नं.ः

फ्याक्स नं.ः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) निवेदक व्यक्ति भए नागरिकता नम्बर र सङ्गठित संस्था भए संस्था दर्ता नम्बरः-

(ङ) आर्थिक स्थिति (स्थिर तथा चालु पूँजी) :-

(च) अनुभवः-

(छ) प्राविधिक दक्षताः-

२. विदेशी कार्यक्रम प्रसारणको लागि गरिने लगानीः

(क) प्रस्तावित लगानीः-

(ख) लगानीको स्रोत :-

३. विदेशी कार्यक्रम प्रसारणबाट हुने आय र आयको स्रोतः-

४. विदेशी कार्यक्रम प्रसारण गरिने माध्यमः-

५. प्रसारण गर्ने विदेशी कार्यक्रमः-

६. विदेशी कार्यक्रम प्रसारणको समय र समयावधिः-

७. विदेशी कार्यक्रम प्रसारण गर्ने केन्द्रको विवरणः-

८. अन्य विवरण :-

(क)

(ख)

निवेदक सङ्गठित संस्था भए संस्थाको छाप

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदककोः-

सहीः-

नामः-

मितिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदकले निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धानात्मक संस्थाबाट आफूले स्वीकृति लिन खोजेको कार्यक्रम सम्बन्धी आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन।

(ख) संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ग) निवेदन दस्तुर बुझाएको नगदी रसिद वा त्यस्तो दस्तुर राजस्व खातामा जम्मा गरेको दोस्रो प्रति भौचर।

(घ) कार्यक्रम आयात गर्ने निकायसँग भएको सम्झौतापत्र।

(ङ) मन्त्रालयले समय समयमा तोकिदिएका अन्य कागजात।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-४ (ग)
## (नियम ५ग. को उपनियम (५) सँग सम्बन्धित)

विदेशी कार्यक्रम वा विदेशी कार्यक्रमको प्रसारण अधिकार (फ्रेन्चाइज) लिई नेपालभित्रको अनुमति प्राप्त टेलिभिजनबाट कार्यक्रम प्रसारण गर्ने

स्वीकृति

स्वीकृति नं. :-

१. स्वीकृति पाउने व्यक्ति वा सङ्गठित संस्थाको नाम:-

२. ठेगाना:-

| | |
|---|---|
| (क) स्थायी ठेगाना :- | (ख) अस्थायी ठेगाना :- |
| जिल्ला: | जिल्ला : |
| नगरपालिका/गाउँपालिका: | नगरपालिका/गाउँपालिका : |
| वडा नं.: | वडा नं.: |
| गाउँ/टोल | गाउँ/टोल : |
| फोन न: | फोन नं.: |
| फ्याक्स नं.: | घर नं.: |
| इमेल: | फ्याक्स नं.: |
| | इमेल: |

३. विदेशी कार्यक्रम प्रसारणको माध्यम :-

४. प्रसारण गर्ने विदेशी कार्यक्रम:

५. विदेशी कार्यक्रम प्रसारणको समय र समयावधि:-

६. विदेशी कार्यक्रम प्रसारण गर्ने केन्द्रको विवरण:-

७. स्वीकृति कायम रहने अवधि:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. अन्य शर्तहरूः-

(क)

(ख)

कार्यालय छाप

स्वीकृति दिने अधिकारीको

सहीः-

नामः-

दर्जाः-

मितिः-

कार्यालयः-”

**आज्ञाले,**

**डा. बैकुण्ठ अर्याल**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।